**Nepalese Culture**
**Vol. 15 : 67-86, 2022**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v15i1.48543**

# कीर्तिपुर शहरको किल्ला एवं ढोकाहरू : उत्पत्ति, इतिहास र संस्कृति

**डा. महेश कुमार आचार्य**
सह-प्राध्यापक
नेपाली इतिहास संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, त्रि.वि.
इमेलः mahesh.acharya@cdnhca.tu.edu.np
mk99_acharya@yahoo.com

## लेखसार

*पर्खालले घेरिएको मानव बस्ती किल्ला हो र यस्ता किल्ला भित्र प्रवेश गर्नका लागि बनाइएका प्रवेशद्वारहरू ढोका हुन् । यस आधारमा कीर्तिपुर एक मध्यकालीन किल्लाबन्द शहर हो । नेपालको एकीकरणको समयमा काठमाडौं भ्रमण गर्ने फादर गुसेफले यो शहरको किल्ला र ढोकाको भव्यताको चर्चा गरेका छन् भने एकीकरणको केही पछि नेपालको भ्रमण गर्ने एच.ए.ओल्डफिल्डले यो शहरका किल्ला र ढोकाहरूको जीर्णताको चर्चा गरेका छन् । यी किल्ला र ढोका आरम्भमा सामरिक महत्त्वका कारणले बनाइएका थिए तर विस्तारै यी ढोकासँग कीर्तिपुरबासीहरूका विभिन्न सांस्कृतिक आस्था र विश्वासहरू जोडिदै गए । मध्यकालीन नेपाल र खासगरी कीर्तिपुरमा विशेष ढोका संस्कृतिको विकास हुन पुग्यो । कीर्तिपुर शहरको किल्ला र ढोकाहरूको ऐतिहासिकता के हो ?, यस किल्लामा कति ढोकाहरू रहेका थिए ? र यी ढोकासँग के कस्ता सांस्कृतिक अभ्यासहरू हुँदै आएका छन् ? भन्ने प्रश्नहरूलाई प्रमुख शोध प्रश्नहरू बनाई यिनको उत्तर खोज्नको लागि यो शोधकार्य गरिएको थियो । यसको ऐतिहासिक र गुणात्मक ढाँचाको अनुसन्धान योजना बनाई अवलोकन, तथा अन्तर्वार्ता जस्ता विधिबाट प्राथमिक तथ्यहरू सङ्कलन गरिएको थियो । कतिपय तथ्यहरू भने कीर्तिपुर शहरको ऐतिहासिकता, किल्ला वास्तुकला, नेपालको बस्ती विकास जस्ता विषय समेटेर प्रकाशित भएका द्वितीय स्रोत अन्तर्गतका पुस्तक तथा लेखहरूबाट पनि सङ्कलन गरिएको थियो । दुवै किसिमका श्रोतबाट प्राप्त तथ्यहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरेर लेख तयार पारिएको छ । यस अध्ययनबाट सन् १२४२ मै कीर्तिपुर एक किल्लाबन्द शहरको रूपमा स्थापित भैसकेको देखिएको र सन् १३७० देखि यो किल्लामा निरन्तर रूपमा किल्ला नायक (कोट्ट नायक) जस्ता प्रशासकहरू नियुक्त भएको हुँदा यो निरन्तर किल्लाकै रूपमा विकसित भैरहेको थियो भन्ने तथ्य प्रकाशमा आएको छ । अठारौं शताब्दीमा किल्ला र ढोकाहरू विकासको चरम उत्कर्षमा रहेको*

*यो किल्लामा त्यसवेला कम्तिमा ११ ढोकाहरू रहेको तथ्य पनि यसै अध्ययनबाट प्रकाशमा आएको छ । नेपाल एकीकरण पछि यसको सामरिक महत्त्व घटेपछि क्रमशः यी किल्ला र ढोका जीर्ण बन्दै भौतिक संरचना हराएको देखिन्छ । तर पनि लामो समय यस्तो किल्ला र ढोकाहरूबाट सुरक्षित शहरमा बसोबास गर्दै जादा विकसित भएको ढोका सम्बद्ध संस्कृति हालसम्म विद्यमान रहेको तथ्य र यस्तो ढोका संस्कृतिको रूपमा हाल खराब आत्माको पुतला र मृतकले मृत्यु अघि उपयोग गरेका र मृत्युपछि अशुद्ध हुन पुगेका वस्तुहरू ढोका बाहिर मात्र विसर्जन गर्नुपर्ने, मृतकको लास समल ढोकाबाट मात्र बाहिर लैजानु पर्ने, इन्द्रायणी देवीको खट देवढोकाबाट मात्र भित्राउनु पर्ने, जात्रा र देव नृत्य तोकिएका ढोकाहरूबाट मात्र शहरमा भित्राउनुपर्ने, मृत आत्मालाई ढोका बाहिर मात्र खाना अर्पण गनुपर्ने र सफाइ कर्मी समुदाय ढोका बाहिर मात्र बसोबास गर्नुपर्ने सांस्कृतिक अभ्यासहरू यहाँ विकसित हुन पुगेको जस्ता तथ्यहरू यस अध्ययनबाट प्रकाशमा आएका छन् ।*

**शब्दकुञ्जी** : गढ पर्खाल, ढोका संस्कृति, देव ढोका, कीतिर किल्ला, वनदुर्ग ।

## विषय परिचय

सामरिक सुरक्षाको लागि गढपर्खालले घेरिएका शहर वा बस्तीहरू किल्ला हुन् । यस्ता किल्लाभित्र प्रवेश गर्न बनाइएका ठूला प्रवेशद्धारहरू किल्लाका ढोकाहरू हुन् । यस्ता गढपर्खाल र ढोकाहरूले शहरलाई किल्लाबन्द गरी विभिन्न भागमा ढोकाहरू राख्ने परम्परा संसारमा निकै पुरानो हो । यस्ता सुरक्षा ढोकाहरू कालान्तरमा सुरक्षाका साथसाथै सांस्कृतिक अभ्याससँग पनि जोडिने गर्दछन् । भारतीय उपमहाद्वीपमा सबैभन्दा पुरानो सिन्धुघाटी सभ्यताको हरप्पा क्षेत्रमा पनि यस्ता जटिल प्रकृतिका ढोका सहितका चतुष्कोण आकारका किल्लाको अवशेष प्राप्त भएको छ (Kaur, 2018, p.15) । वैदिक साहित्यमा शहरको पर्यायवाची शब्दको रूपमा प्रयोग हुने पुर शब्दलाई पनि गढ वा किल्लाको रूपमा प्रयोग गरिएको पाइन्छ र कसैले जित्न नसक्ने भन्ने अर्थ दिने दुर्ग वा दुर्गम शव्दलाई पनि वैदिक साहित्यमा गढ वा किल्लाकै अर्थमा प्रयोग गरिएको पाइन्छ (Kaur, 2018, p.18) । सबैभन्दा पुरानो ऋग्वेदमा पनि यस्ता धेरै किल्लाहरूको प्रसङ्ग पाइएको छ । ऋग्वेदमा सुदश राजाले सप्त सिन्धु प्रदेशको प्रसून्नी नदी क्षेत्रका १० वटा किल्लाहरू नष्ट पारेको प्रसङ्ग र पुरन्दरले युद्धमा अनेकौ किल्लाहरू नष्ट गरेको प्रसङ्ग उल्लेख गरिएको छ (Sing, 2013, p.43) । ऋग्वेद र अन्य वैदिक साहित्यका यी प्रसङ्गहरूले ऋग्वेद कालदेखि निरन्तररूपले भारतीय हिन्दू समाजमा किल्ला र किल्ला भित्र प्रवेश गर्ने ढोकाहरू निर्माणको प्रचलन भएको संकेत गर्दछन् । प्रारम्भिक समयदेखि नै नेपालमा वैदिक साहित्यको गहिरो प्रभाव रहेको पाइन्छ । त्यसैले नेपालमा पनि यस प्रकारका ढोका सहितका पर्खालले घेरिएका मानव बस्तीको विकास गर्ने परम्परा निकै पुरानो देखिएको छ । सुरक्षाका लागि बनाइए तापनि यस्ता पर्खालका ढोकाहरूसँग बस्तीका मानिसहरूका अनेकौ आस्था विश्वास र प्रथाहरू जोडिदै जानु र यस्ता आस्था, विश्वास र परम्परा संस्कृतिकै रूपमा विकसित हुँदै जानु पनि स्वभाविकै हो । यसैले बस्तीका यी गढ पर्खाल र यी पर्खालमा बनाइएका ढोकाहरूसँग नेपाली समाजका अनेकौ सांस्कृतिक आस्था जोडिएको पाइन्छ ।

कीर्तिपुर नेपालको पुरानो मानव बस्ती मध्येको एक हो । कीर्तिपुरमा रहेको सागल(गाइगोठ)टोल र ग्वाःपुखू (गोठालाहरूको पोखरी) जस्ता स्थाननामका आधारमा यस क्षेत्रमा गोपालकालदेखि नै मानव बसोबास आरम्भ भएको परोक्ष संकेत पाइन्छ । किराँतकालीन मानव बस्तीहरूको प्रसङ्ग त्यति प्रकाशमा नआए

पनि लिच्छविकालदेखिका काठमाण्डौं उपत्यकाभित्रका मानव बस्तीहरूका बारेमा अभिलेखीय तथ्यहरूबाट केही जानकारी प्रकाशमा आउन सकेको छ । इतिहासकारहरू पाँचौदेखि आठौं शताब्दीको बीचमा काठमाडौ ँ उपत्यकाभित्र कम्तीमा बलम्वु, बनेपा, बुङ्मती, चाँगु, चापागाउँ, देउपाटन, धुलिखेल, खोपासी, कीर्तिपुर, किसिपिडी, लेले, नक्साल, नाला, फर्पिङ, साँखु, सतुङ्गल, थानकोट र ठिमी क्षेत्रमा मानव बसोबास भैसकेको प्रमाण उल्लेख गर्दछन् (Korn, 1976, p.8) । यस आधारमा कम्तीमा लिच्छविकालदेखि नै कीर्तिपुरमा मानव बसोबास आरम्भ भएको प्रमाणित भएको छ । लिच्छविकालमा कीर्तिपुर क्षेत्रका बाघ भैरव, उमामहेश्वर, खाःसि बजार, चारघरे, चोभार तथा ट्याङ्लाफाँट क्षेत्रमा मानव बसोबास रहेको देखिने पुरातात्त्विक आधारहरू पाइएको छ (आचार्य, २०२१, पृ.५५-६१) ।

कीर्तिपुरमा मानव बसोबासको ऐतिहासिकता कम्तीमा लिच्छविकालसम्म पुगे तापनि कीर्तिपुरका मानव बस्तीहरूलाई गढ पर्खालले घेरिएको र ती गढहरूमा ढोकाहरू निर्माण भएको कहिलेदेखि हो भन्ने तथ्य भने खोजीकै विषय रहेको छ । मध्यकालको आरम्भदेखि भने कीर्तिपुर किल्लाबन्द शहरको रूपमा विकास हुँदै गएको विभिन्न ऐतिहासिक विवरणहरू पाइएका छन् । गोपालराज वंशावली तथा कतिपय ऐतिहासक अभिलेखहरूमा यस शहरलाई जंगलले घेरिएको (वन दुर्गको रूपमा रहेको) डाँडो वा बस्ती भन्ने अर्थमा गुँदे शब्द प्रयोग गरिएको छ । गोपालराज वंशावलीमा उल्लेख भए अनुसार ने.सं.२१९ मा शिवदेवले कीर्तिपुरमा व्यवस्थित शहर निर्माण गरेको बताइएको छ (Vajracharya & Malla, 1985, p.80) । बाह्रौं शताब्दीदेखि निरन्तर मानव सभ्यता विकास हुँदै गएको कीर्तिपुर क्षेत्रमा सन् १६६१ मा श्रीनिवास मल्लले र सन् १६८४ मा योगनरेन्द्र मल्लले यसै शहरलाई राजधानी बनाएर शासन गरे । यस समयसम्म यो शहर व्यवस्थित किल्लाबन्द शहरको रूपमा विकास भएको हुनुपर्दछ । यो तथ्य फादर गुसेफको वर्णनबाट पनि पुष्टि हुन्छ (Father, 1799, p.308) । लामो समयसम्मको किल्लाबन्द शहरको रूपमा रहदा यस किल्लाभित्र प्रवेश गर्ने दर्जनौ ढोकाहरू बनाइएको थियो । सयौँ वर्षसम्म यी किल्लाका ढोकाहरू उपयोग गर्ने क्रममा कीर्तिपुर किल्लाभित्र बस्ने बासिन्दाहरूले अनेकौं सांस्कृतिक अभ्यासहरू विकसित गर्दै लगे र यी ढोकाहरूमा अनेकौ सांस्कृतिक मान्यताहरू विकसित हुँदै गएका थिए । यसरी ढोकासँग जोडिएर विकास भएका सांस्कृतिक पक्षहरूको भने यस अघिसम्म अध्ययन अनुसन्धान हुन सकेको थिएन ।

भारतको पंजाव क्षेत्रको किल्ला वास्तुसंरचनाको अध्ययन (Kaur, 2018) र भारतकै बुन्देलखण्डका किल्लाहरूको भौतिक संस्कृति र इतिहासको अध्ययन (Sing, 2013) गरेर भारतमा किल्ला सम्बन्धमा विद्यावारिधि तहकै अध्ययन भैसकेको छ । नेपालमा पनि डिल्लीराज शर्माले काठमाडौँ उपत्यका बाहिरका किल्ला वास्तुकलाको विषयमा अध्ययन गरी यसको आरम्भ गरेको पाइन्छ (शर्मा, वि.सं. २०५५) । काठमाडौँ उपत्काभित्र र आसपासका मध्यकालीन  किल्ला र ढोकाहरूको विषयमा भने छुट्टै अध्ययन हुन सकेको थिएन । कीर्तिपुरको समकालीन बस्ती साँखु क्षेत्रको किल्ला र ढोका सम्बद्ध संस्कृतिलाई डिल्लीराज शर्मा, टेक बहादुर श्रेष्ठ (Sharma & Shrestha, 2019) तथा बाल गोपाल श्रेष्ठ (Shrestha, 2012) आदि लेखकहरूले संक्षेपमा प्रकाशमा ल्याएका छन् । ललितपुर तथा काठमाडौँ क्षेत्रका मध्यकालीन किल्ला र ढोकाहरूसँग सम्बन्धित संस्कृतिका बाारेमा मेरी स्लसर (Slusser, 1982) तथा, उल्फग्याङ् कर्न (Korn, 1976) आदि लेखकहरूले सामान्य चर्चा गरेका छन् तर कीर्तिपुर शहरको गढ पर्खाल तथा यसका ढोकाहरू र ढोकासँग सम्बन्धित सांस्कृतिक पक्षको कुनै खोज हुन सकेको थिएन । यही अध्ययनको अभावलाई यस शोधकार्यको प्रमुख शोध समस्या मानिएको छ । यही

शोध समस्याको पृष्ठभूमिमा यस शोधकार्यका लागि कीर्तिपुर शहरको किल्ला र ढोकाहरूको ऐतिहासिकता खोजी गर्ने, यी ढोकाहरू कुन कुन टोलमा कतिवटा संख्यामा बनाइएका थिए भन्ने कुराको खोजी गर्ने र यी ढोकाहरूसँग सम्बन्धित सांस्कृतिक अभ्यासहरूको खोजी एवं विश्लेषण गरी कीर्तिपुरको ढोका संस्कृतिका विविध आयामहरूलाई प्रकाशमा ल्याउने उद्देश्यले यो खोजीकार्य गरिएको हो। यसर्थ यो लेख कीर्तिपुर शहरका ढोकाको इतिहास, अवस्था र संस्कृति विषयको अनुसन्धान प्रतिवेदनको रूपमा रहेको छ।

## अध्ययन विधि

कीर्तिपुर शहरको किल्लाको ऐतिहासिकता, यस किल्लाको ढोकाहरूको संख्या र अवस्थिति तथा ढोका सम्बद्ध सांस्कृतिक अभ्यासहरूको खोजी गर्ने यस अध्ययनको मुख्य उदेश्य हो। यस्तो उदेश्य प्राप्तिका लागि केन्द्रित रहेको हुदाँ यस प्रकृतिका अध्ययन, स्वरूपका दृष्टिले अन्वेषणात्मक र गुणात्मक अध्ययन हुनु उपयुक्त देखिन्छ। विषयका दृष्टिले भने यस्ता अध्ययनहरू ऐतिहासिक तथा अमूर्त संस्कृति उजागर गर्ने प्रकृतिका हुनु उपयुक्त हुन्छ। यस प्रकृतिका अध्ययनका लागि तथ्यहरू पनि गुणात्मक र ऐतिहासिक विशेषतायुक्त आवश्यक पर्दछन्। त्यसैले यस अध्ययनलाई पूर्णरूपले ऐतिहासिक र गुणात्मक अध्ययनको रूपमा अगाडि बढाइएको छ। ढोकाको इतिहासको खोजी ऐतिहासिक किसिमको र ढोका सम्वद्ध सांस्कृतिक अभ्यासहरूको खोजी गुणात्मक प्रकृतिको भएको छ। अध्ययनको यही विशेषताका आधारमा यस अध्ययनका लागि आवश्यक तथ्यहरू प्राथमिक र द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत कतिपय तथ्यहरू यस क्षेत्रको समग्र प्राचीन बस्तीहरू तथा बस्तीको वरिपरि रहेका ढोका र गढ पर्खालका अवशेषहरूको स्थलगत अवलोकन गरेर सङ्कलन गरिएको छ। यस बाहेक अन्य केही तथ्यहरू कीर्तिपुर क्षेत्रको जानकार विज्ञहरूसँगको अन्तर्वार्ताबाट सङ्कलन गरिएको छ। ढोकाहरूको वर्तमान अवस्था सम्बन्धी तथ्यहरू फोटोग्राफी मार्फत् पनि सङ्कलन गरिएको छ।

अवलोकन र फोटोग्राफी विधिबाट विशेषगरी हाल विद्यमान ढोकाहरूको भौतिक अवस्था र अवस्थिति सम्बन्धी तथ्यहरू सङ्कलन गरिएको छ। अवलोकनबाटै यी ढोकाहरूसँग हाल प्रचलनमा रहेको ढोका सम्बद्ध सांस्कृतिक अभ्यासहरू सम्बन्धी तथ्यहरू पनि सङ्कलन गरिएको छ। त्यस बाहेक विज्ञ व्यक्तिहरूसँगको अन्तरवार्ताबाट यस क्षेत्रका गढ पर्खालको ऐतिहासिकता, ढोकाहरूको ऐतिहासिकता र ढोका सम्बद्ध सांस्कृतिक अभ्यासको अर्थ र प्रयोजन सम्बन्धी तथ्यहरू सङ्कलन गरिएको छ। अन्य कतिपय तथ्यहरू द्वितीय स्रोत अर्न्तगतका पूर्व प्रकाशित पुस्तक एवं पत्रिकाहरूबाट पनि सङ्कलन गरिएको छ। यस्ता द्वितीय स्रोतहरू विशेष गरी गढ पर्खाल र ढोकाहरूको इतिहास, नेपालमा यसको प्रयोग र विकास, कीर्तिपुरको मानव बसोबास र यहाँका गढ पर्खाल एवं ढोकाहरूसँग सम्बन्धित तथ्य खोजीमा उपयोग गरिएको छ। कतिपय तथ्यहरू भने आख्यान एवं किम्बदन्तीहरूबाट पनि सङ्कलन गरिएको छ। किम्बदन्तीहरूबाट यस क्षेत्रका ढोकाहरूसँग यहाँका बासिन्दाहरूको के कस्ता आस्था र विश्वासहरू जोडिएका छन् भन्ने विषयमा सूचना सङ्कलन गरिएको छ।

यसरी प्राथमिक स्रोतहरूबाट र द्वितीय स्रोतहरूबाट संकलित तथ्यहरूको समग्र विश्लेषण र व्याख्याबाट यो अध्ययन कार्य सम्पन्न गरिएको छ। दुवै स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई उद्देश्यका आधारमा विषयगत शीर्षक अनुसार वर्णनात्मक शैलीमा प्रस्तुत गरेर यो आलेख तयार पारिएको छ। द्वितीय स्रोतका तथ्यहरूलाई अवलोकन

तथा अन्तरवार्ताबाट प्राप्त तथ्यसँग दाँजेर ती तथ्यहरूको सत्यता जाँचेर मात्र उचित सन्दर्भ सहित उपयोग गरिएको छ । अन्य व्यक्तिका विचारहरू उपयोग गर्दा अन्य लेखकको विचारको भाव वा आशय नबिग्रने गरी नियमानुसार उद्धरण गरिएको छ ।

यस अध्ययन कार्यलाई भौगोलिक रूपमा हाल विद्यमान कीर्तिपुर नगरपालिका अन्तरर्गतको चक्रपथ भित्रको प्राचीन कीर्तिपुर डाँडोको माथिल्लो मध्यकालीन बस्ती क्षेत्रमा मात्र सीमित (Delimit) गरिएको छ । अर्थात् प्राचीन कीर्तिपुर शहरभित्रका संभावित गढ पर्खाल र त्यसका ढोकाहरूको खोजीमा मात्र यो अध्ययन सीमित रहेको छ । कीर्तिपुर नगरपालिका भित्रका नगाउँ, पाँगा, तथा चोभार क्षेत्रका प्राचीन बस्तीहरूका गढ पर्खाल एवं ढोकाहरूको खोजीमा यो अध्ययन केन्द्रित रहेको छैन । विषयगत रूपमा यस क्षेत्रमा बनेका ढोकाहरू र ढोकाहरूसँग सम्बन्धित सांस्कृतिक अभ्यास बाहेक कीर्तिपुर क्षेत्रका नेवार समुदायमा प्रचलित अन्य कुनै भौतिक तथा अभौतिक संस्कृतिको खोजी यस अध्ययनमा गरिएको छैन । शहरका ढोका बाहेक शहर भित्रका सांस्कृतिक तथा धार्मिक स्मारकहरूमा तथा टोल वा व्यक्ति विशेषका घरमा बनाइएका ढोकाहरूसँग सम्बन्धित ढोकाहरूको विषयमा र यस्ता ढोकाहरूसँग जोडिएका सांस्कृतिक अभ्यासहरूमा पनि यस आलेखमा कुनै चर्चा गरिएको छैन ।

त्यसै गरेर यस अध्ययनबाट प्रकाशमा आएका तथ्यहरूका कतिपय सीमाहरू (Limitation) रहेका छन् । किल्ला र ढोकाहरूको ऐतिहासिकताको खोजी कार्यका लागि पुरातात्त्विक उत्खनन् र त्यस्ता उत्खनन्बाट प्राप्त भौतिक अवशेषहरूको निरपेक्ष तिथि निर्धारणबाट मात्र वास्तविकता प्रकाशमा आउन सक्दछ । समय, साधन र स्रोतको अभावले यस अध्ययनमा उत्खनन् र भौतिक अवशेषको निरपेक्ष तिथि निर्धारण गर्न सकिएको छैन । अन्वेषणको क्रममा जमिनको सतहमा पाइएका पर्खालको अवशेष र ढोकाहरूको अवशेषहरूको शैलीगत आधार र द्वितीय स्रोतबाट पाइएका आधारहरूको तुलना र विश्लेषणबाट मात्र ऐतिहासिकताको निष्कर्षमा पुग्नु ज्यादै चुनौतीपूर्ण कार्य हो । अध्ययनको यही चुनौतीलाई अध्ययन कार्यको परिणाममा देखापर्न सक्ने सीमा (Limitation) मानिएको छ ।

## कीर्तिपुर शहरको किल्ला एवं ढोकाहरू र यसको ऐतिहासिकता

मौसमी विषमताबाट र शत्रु एवं जीव जन्तुबाट बचाउने उद्देश्यले घर निर्माणको परम्परा सुरुवात भए जस्तै समाजलाई शत्रुहरूबाट जोगाउने प्रयोजनका लागि शहरका किल्ला वा गढहरू बनाउने र त्यस्ता गढहरूमा बलिया ढोकाहरू निर्माण गर्ने परम्परा आदिम मानिसले आरम्भ गरेको हो । यस्ता गढ पर्खाल र ढोकाहरूको इतिहास मानव सभ्यता जत्तिकै पुरानो रहेको छ । भारतीय उपमहाद्वीपमा र नेपालमा पनि मानव बस्तीहरूको विकास सँगसँगै यस्ता गढ पर्खालहरूको निर्माण र गढका ढोकाहरू बनाई बस्तीहरूलाई सुरक्षा प्रदान गर्ने अभ्यास हुँदै आएको थियो । कालान्तरमा यी गढ र ढोकाहरूसँग सामरिक सुरक्षा बाहेक धार्मिकता र सांस्कृतिक अभ्यासहरू पनि जोडिदै आएका छन् । यस अध्ययनको सिलसिलामा सङ्कलन गरिएका अनेकौ तथ्यहरूबाट भारतीय उपमहाद्वीपको किल्ला एवं ढोका निर्माणको इतिहास, नेपालका पुराना मानव बस्तीहरू र यी बस्तीहरूमा बनाइएका किल्लाहरू र कीर्तिपुर शहरको किल्ला र ढोकाहरूका विषयमा धेरै तथ्यहरू प्राप्त हुन आएका छन् । यी तथ्यहरूलाई अध्ययनको उद्देश्य अनुसार निम्न शीर्षकहरूमा प्रस्तुत गरिएको छ ।

**भारतीय उपमहाद्वीपमा किल्ला र ढोका निर्माणको इतिहास :** संसारका सबै प्राचीन सभ्यताहरूमा बस्तीलाई गढ पर्खालले घेरेर ठूला ढोकाहरू निर्माण गरी सुरक्षित गर्ने परम्परा रहेको पाइन्छ। चिनिया पर्खाल ऐतिहासिक कालमा बनाइएका गढ पर्खालहरूको उत्कर्ष हो जहाँ त्यस समयको देशलाई नै पर्खालले घेरिएको छ। भारतीय उपमहाद्वीपमा पनि यो परम्परा प्राचीन सभ्यताको समयदेखिनै आरम्भ भयो । सिन्धुघाँटी सभ्यताको हरप्पा शहरको पर्खालको अवशेषको र ऋग्वैदिक साहित्यमा गढहरू बनाइएका र युद्धमा यस्ता पर्खालहरू नष्ट पारिएको प्रसङ्ग यस अघिनै चर्चा गरिसकिएको छ । उत्तर वैदिककालमा भारतमा साम्राज्य विस्तारको युग सुरु भयो । महाकाव्यकालमा भएका राज्य प्राप्ति र विस्तारका लागि भएका युद्धहरूले यस्ता गढ पर्खालहरू र ढोकाहरूको महत्त्व झन बढ्दै गयो । फलस्वरूप बस्तीलाई किल्लाबन्दी गर्नु र ढोकाले सुरक्षित गर्नु एक भारतीय संस्कृति नै बन्न पुग्यो । इशापूर्व चौथो शताब्दीमा भारतमा भएको युनानी आक्रमणको प्रतिकारको सन्दर्भमा आचार्य कौटिल्यले आफ्नो पुस्तक अर्थशास्त्र (२:३:२) मा हरेक राज्यले जनपद सीमा क्षेत्रको चारैतिर युद्धोचित दुर्ग (किल्ला) बनाउनुपर्ने बताउदै यस्ता किल्ला औदक, पार्वत, धान्वन तथा वनदुर्ग जस्ता चार किसिमका हुनसक्ने बताएका छन् (गैरोला, १९९१, पृ.८५) । किल्लाको यही महत्त्वलाई प्रकाश पार्दै आचार्य मनुले मनुस्मृति (७:७०) मा राजाले चारैतिर धनुदुर्ग, महीदुर्ग, जलदुर्ग, वृक्षदुर्ग, नृदुर्ग, तथा गिरीदुर्ग जस्ता दुर्गहरू बनाइ त्यस्ता दुर्गले घेरिएको पुरमा निवास गर्नु पर्ने बताएका छन् (भट्ट, १९९०, पृ.१६१) । अर्थशास्त्र र स्मृतिका यी प्रसङ्गहरूले भारतीय हिन्दू समाजका बस्तीहरूमा किल्ला निर्माण गर्ने परम्परा अझै लोकप्रिय बन्दै गएको सहजै अनुमान गर्न सकिन्छ। यसै कारणले समग्र भारतमा अहिलेसम्म पनि प्राचीन र मध्यकालीन राज्यहरूमा बनाइएका अनेकौ किल्लाहरूका अवशेषहरू विद्यमान रहेको पाइन्छ। मध्यकालमा बनेका राजस्थान किल्ला, अजमेर किल्ला, जुनागढ किल्ला, हैदरावादको गोल कोण्डा किल्ला, दिल्लीको लालकिल्ला, कर्नाटकको श्रीरङ्गपटना किल्ला, ग्वालियर किल्ला, तथा राइगढ एवं केरलाको वेकल किल्ला जस्ता चर्चित किल्लाहरूको अस्तित्व भारतमा अझैसम्म रहेको पाइन्छ।

**काठमाडौँ उपत्यकामा गढपर्खाल र ढोका निर्माणको परम्परा :** नेपालमा पनि किल्ला र ढोका निर्माणको परम्परा निकै पुरानो देखिएको छ। लिच्छविकालका अभिलेखहरूमा कोट्ट तथा दुर्ग को चर्चा पाइन्छ। दुर्ग शब्दले पुग्न कठिन हुने गरी बनाइएको बस्ती भन्ने अर्थ हुन्छ भने कोट्ट (क्वाठ) तथा गढ शब्दले पर्खालले घेरिएको बस्ती भन्ने बुझाउँछ (Korn,1996, p.13) । लिच्छविकालका अभिलेखमा यस्ता दुवै शब्दहरू पाइएका छन् । यस आधारमा लिच्छविकालमा राष्ट्र रक्षाका लागि यस्ता कोट्ट (किल्लाहरू) बनाइएका थिए भन्ने देखिन्छ (वज्राचार्य, वि.सं.२०५३, पृ.२३८) । चाँगुनारायणको शिवदेव र अंशुवर्माको एक अभिलेखमा चार किल्ला छुट्टाइएको कोट्ट शब्दको प्रयोग भएको छ (वज्राचार्य, वि.सं.२०५३, पृ.२३८) । यसबाट लिच्छविकालमा चाँगु क्षेत्रमा कुनै किल्लायुक्त बस्ती रहेको थियो भन्ने देखिएको छ। यी तथ्यहरूले लिच्छविकालमा किल्ला वा गढयुक्त मानव बस्तीहरूका साथसाथै दुर्गको रूपमा जंगलले घेरिएका (वनदुर्ग) धार्मिक स्मारक रहेका क्षेत्रहरू पनि हुने गर्दथे भन्ने स्पष्ट हुन आएको छ ।

मध्यकालमा पनि मानव बस्तीहरूलाई किल्लाबन्द गरी शहर प्रवेशका लागि ठूला ढोकाहरू बनाइएको धेरै तथ्यहरू प्रकाशमा आएका छन् । उपत्यकामा १४ औँ शताब्दीमा भएको मुसलमानहरूको सहज आक्रमण र त्यसबाट भएको क्षतिलाई हेर्दा उपत्यकाको सुरक्षा व्यवस्था (गढ संरचना) त्यति राम्रो नभएको देखिन्छ तर

सन् १४५३ को यक्ष मल्लको अभिलेखबाट भक्तपुरमा गढ पर्खाल निर्माण गरिएको र मर्मत सम्बन्धी नियमहरू पनि बनाइएको देखिएको छ (Korn, 1996, p.13) । "त्यसवेला भक्तपुर नगरका प्रवेशद्वारहरू जम्मा आठवटा थिए । भित्रका ढोका धेरै भए तापनि प्रत्येक दिशामा दुई दुईवटा ढोका रहेका थिए । साथै दरबारको चारैतिर वुर्जाहरू पनि बनाइएका थिए । यस्ता वुर्जा निकालिएका दरबारलाई चौक्वाठ दरबार भनिएको छ" (शर्मा, वि.सं. २०५५, पृ. २३) । यस आधारमा १५ औं शताब्दीको मध्यसम्ममा उपत्यकाको तत्कालीन राजधानी भक्तपुरलाई गढ पर्खालले घेरिएको देखिएको छ ।

यक्षमल्लको शासनकालपछि उपत्यका विभाजन भै काठमाडौं र ललितपुर अलग राज्य भएपछि यी दुई शहरमा पनि सुरक्षाको लागि गढ पर्खाल र ढोकाहरू निर्माण हुँदै गए । यी राजदरबार (लायकू) युक्त मुख्य तीन शहर बाहिर रहेका अन्य मध्यकालीन बस्तीहरूलाई पनि गढ पर्खालले घेर्ने र ढोकाहरू निर्माण गर्ने परम्परा विकसित हुँदै गएको देखिन्छ । यस प्रसङ्गमा पाटनका कवि कुनु शर्माले ने.सं. ७७२ मा लेखेको कीर्तिपताका प्रशस्ती काव्यमा पाटन शहरको सत्रौं शताब्दीको किल्ला र ढोकाको विषयमा गरेको वर्णन विशेष महत्त्वको देखिन्छ । यस काव्यको आठौं र नवौं श्लोकमा पाटन शहरको किल्लाभित्र शत्रुका वाणहरू प्रवेश गर्न नसक्ने, गरुडले समेत प्रवेश गर्न नसक्ने, असार महिनाको बादल पनि पर्खालको वुर्जामा चढ्न नसक्ने भनिएको छ । यसै गरी वुर्जामा बनाइएका सुनौला कलशलाई सुमेरु पर्वत वा राजाको प्रताप अग्नि ठानेर बादलहरू अग्नि निभाउन वर्षन्छन् भनिएको छ (शर्मा, ने.सं ७७२, पृ.२) । यसै काव्यको दशौं श्लोकमा पाटन किल्लाको सुन्दर खापायुक्त विशाल ढोकाको पनि वर्णन गरिएको छ जसभित्र केवल पुण्यात्माले मात्र बस्न पाउँदछन् र जसको पुण्य क्षीण हुन्छ त्यो ढोका बाहिर निकालिन्छ जसरी धर्म सकिएकालाई स्वर्गबाट निकालिन्छ भनिएको छ (शर्मा, ने.सं ७७२, पृ.३) ।

उत्तर मध्यकालतिरको काठमाडौं शहर पनि किल्लाबन्द र ढोकायुक्त शहर रहेको थाहा हुन्छ । नेपाल एकीकरण अभियानको समयमा नेपाल घुम्ने H.A. Oldfield ले त्यसवेला नेवार राजाहरूको समयमा उपत्यकाका चार राजधानी काठमाण्डौं, कीर्तिपुर, पाटन र भादगाउँ अग्ला पर्खालले घेरिएको र ठाउँठाउँमा ठूला ढोकाहरू बनाइएका थिए भन्ने उल्लेख गरेका छन् (Oldfield,1880, p.95) । उनले यी पर्खालहरू एकीकरण पछि विस्तारै क्षय हुदै गएको तथा गढका ढोकाहरू खण्डहर बन्दै गएको समेत बताएका छन् (P. 95) । Oldfield ले नेवार राजाको समयमा काठमाण्डै शहरको गढ पर्खालमा ३२ ढोकाहरू रहेको बताए पनि आफूले आफ्नो अध्ययनको क्रममा १९ ढोकाहरू मात्र पहिचान गर्न सकेको कुरा Mary Shepherd slusser ले आफ्नो पुस्तकमा उल्लेख गरेकि छिन् (1982, p.92) । यी तथ्यहरूले मध्यकालको किल्लाबन्द काठमाडौं शहरको झलक प्रस्तुत गरेका छन् । Slusser ले बताए अनुसार काठमाडौंको पुरानो शहरलाई दर्शाउने गढ पर्खालका भग्न अवशेषहरूलाई उन्नाइसौ शताब्दीतिर मात्र नष्ट पारिएका थिए (1982, p.92) ।

भक्तपुर शहरमा यक्ष मल्लको समयपछि पनि गढ पर्खाल र ढोकाहरूको अस्तित्व यथावत रहेको देखिन्छ । पर्खालको अवशेष पछिसम्म कायम नरहेको र शहर परिक्रमा गर्ने प्रदक्षिणा पथ स्पष्ट नभएको हुँदा पर्खालको स्पष्ट स्वरूप थाहा पाउन नसकिए पनि सुकुल ढोका, बारबाचो ढोका जस्ता ढोकाहरूले प्राचीन गढ पर्खालका ढोकाहरूको अस्तित्व बचाई राखेका छन् । मध्यकालमा उपत्यका भ्रमण गर्ने Father Giuseppe ले यस

वेलाको किल्लाबन्द शहरको रूपमा ठिमी क्षेत्रको पनि वर्णन गरेका छन् । उनले ठिमीलाई करिब ८००० घर रहेको किल्लाबन्द शहर भनेका छन् (Father, 1799, p.308) ।

भक्तपुर बाहेक उपत्यका नजिकै मध्यकालमा गढ पर्खाल र ढोकाले घेरिएको अर्को बस्ती साँखुक्षेत्र पनि थियो । साँखुको समग्र क्षेत्रलाई लिच्छविकालदेखि नै वनदुर्गको रूपमा विकसित गरिएको थियो । मध्यकालका राजाहरूले पनि यसै परम्परालाई निरन्तरता दिएका थिए र यस क्षेत्रलाई बलियो किल्लाकै रूपमा विकसित गर्ने कडा नियम बनाएका थिए (Sharma & Shrestha, 2016, p.8)। गोपाल राजवंशावली (पत्र ५४ख -५५क) अनुसार ने.सं. ४९० माघ शुक्ल ५ (सन् १३७०) मा जयार्जुन देव र जयस्थिति मल्लले साँखुको किल्ला तोडी लुटपाट गरी आगो लगाएको उल्लेख छ (Vajracarya & Malla, 1985, p. 62-63) । यस आधारमा साँखु शहर १४ औं शताब्दीमै सुरक्षित गढको रूपमा विकास भैसकेको देखिन्छ । यहाँको शहरलाई गढ पर्खालले घेरेर मुख्य चार दिशामा चार ढोकाहरू बनाइएको तथा यी चारमध्ये एक ढोकाबाट मृतकको लास बाहिर लैजान, अर्कोबाट बेहुली शहरमा भित्र्याउन, तेस्रो ढोका छोरी विवाह गरी बाहिर लैजान र चौथो ढोका वज्रयोगिनीको जात्राको अवसरमा देवता भित्राउन हाल उपयोग हुने गरेको छ (Shrestha, 2012, p.50) । मध्यकालमा उपत्यका बाहिर पनि यस्ता किल्ला र ढोकाहरू बनाइएको प्रशस्त संकेत पाइन्छ। मध्यकालको केही पछि मात्र काठमाडौं आएका Kirkpatric ले आफ्नो पुस्तकमा काठमाडौं आउने क्रममा राप्ती तरेर चिसापानी आउँदै गर्दा ढोकाफेद आएको उल्लेख गरेका छन् र त्यसपछि आउने बस्तीलाई चिसापानी किल्ला शब्दले सम्बोधन गरेका छन् (Kirkpatric, 1811, p.51-53) । नेपालका किल्ला वास्तुकलाको अन्वेषण गर्ने डिल्लीराज शर्माले मध्यकालमा बनेका उपत्यका बाहिरका यस्ता किल्लाबन्द ३५ दरबारहरू र युद्ध प्रयोजनका लागि बनेका १२ वटा किल्ला वास्तुकलाको चर्चा गरेका छन् (शर्मा, वि.सं. २०५५) यी प्रसङ्गहरूले मध्यकालमा उपत्यका बाहिर पनि ढोका युक्त किल्लाहरू बन्ने गरेको देखिन्छ । काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा भने युद्ध प्रयोजन वा दरबार रक्षाका लागि मात्र नभै बस्तीको रक्षाका लागि पनि मानव बस्तीहरूमा बलिया गढपर्खालले घेरिएका हुन्थे र यी पर्खालमा ढोकाहरू निर्माण गरिएका हुन्थे भन्ने स्पष्ट हुन आएको छ ।

**कीर्तिपुर शहरमा किल्ला तथा ढोकाहरूको इतिहास :** कीर्तिपुरको पुरानो नाम गुँदेय् हो । नेवारी भाषामा गुँदेय्को अर्थ वनले घेरिएको बस्ती भन्ने हुन्छ (श्रेष्ठ, वि.सं. २०५७, पृ.५) । आरम्भिक समयमा वनदुर्गको रूपमा रहेको हुँदा कीर्तिपुरलाई गुँदेय् भनिएको विश्वास गरिन्छ। वंशावलीहरूले शिवदेव तृतीयले (सन् १०९९-११२६) यस गुँदेय्लाई कीर्तिपुरको रूपमा विकास गरेको श्रेय दिएका छन् (श्रेष्ठ, वि.सं.२०५७, पृ.५) । गोपाल वंशावलीको पत्र २४-क मा सम्वत २१९ लाग्दा शिवदेव राजा भएको र उनले कीर्तिपुरमा वलवल देवीको तपस्या गरेको, पोखरी, नहर, इनार तथा ढुङ्गेधारा आदि बनाएको उल्लेख गरिएको छ (Vajracharya & Malla,1985, p.80) । त्यसैले ११औं शताब्दीमा शिवदेवले यस शहरलाई पुनः व्यवस्थित र विकसित गरेको विश्वास गरिन्छ। यस वेलासम्म पनि प्राचीन गुँदेय् अर्थात् कीर्तिपुर शहरमा किल्ला र ढोकाहरू थिए वा थिएनन् भन्ने यकिन हुन सकेको छैन ।

गोपाल वंशावलीले अर्को एक प्रसङ्गमा ने.सं ३६२ (सन् १२४२) मा कीर्तिपुर एक किल्ला बनिसकेको भन्ने कुरा भने स्पष्टसँग उल्लेख गरेको छ। यस वंशावलीमा सं ३६२ दिराषाढ कृष्ण अष्टमीको दिन गुन्दे क्वाठ (कीर्तिपुर किल्ला) र गोछैं क्वाठ खुले । क्वाछैं का कीर्तिपाल भारोलाई पकडी ल्याइ कैद गरियो र श्रावण शुक्ल

प्रतिपदाको दिन कैद मुक्त गरियो भनिएको छ (Vajracarya & Malla, 1985, p. 94)। यहाँ गुँन्देलाई किल्ला भनिएको र किल्ला खुले भन्ने स्पष्ट वाक्य प्रयोग भएको हुँदा पुरानो गुँदे अर्थात् कीर्तिपुर शहरमा सन् १२४२ मा बलियो किल्ला र किल्लामा ढोकाहरू समेत निर्माण भैसकेको देखिन्छ। यसपछि यस शहरमा निरन्तर यस्तो किल्ला र ढोकाहरू बन्दै गएको देखिन्छ। यस क्षेत्रमा नियुक्त भारदारहरूलाई यहाँका अभिलेखहरूमा क्वाठ नायक भनिएको र कीर्तिपुरलाई कीर्तिपुर क्वाठ भनिएबाट पनि मध्यकाल भरी यो एक किल्ला नै रहेको स्पष्ट हुन्छ[१]। यस कीर्तिपुर किल्लाको रक्षा र प्रशासन संचालनका लागि पाटन राज्यका तर्फबाट ने.सं.४९१-१०११ (सन् १३७०-१८९०) को बीचमा नियुक्त भएका १७ जना क्वाठनायक (किल्ला प्रमुख) हरूको नामावली शुक्रसागर श्रेष्ठले विभिन्न अभिलेखहरूबाट सङ्कलन गरी प्रकाशित गर्नुभएको छ (श्रेष्ठ, वि.सं. २०५७, पृ.१३)। यसरी सन् १३७० देखि कीर्तिपुर क्षेत्रका प्रशासकहरूलाई निरन्तर क्वाठ नायक अर्थात् किल्ला प्रमुख भनिएको हुँदा चौधौँ शताब्दीमा पनि यो क्षेत्र किल्लाकै रूपमा यथावत रहेको स्पष्ट हुन आएको छ। सत्रौँ शताब्दीको उत्तरार्धमा श्रीनिवास मल्ल र योगनरेन्द्र मल्लले कीर्तिपुरलाई राजधानी बनाएर केही समय राज्य गरेका थिए। सायद यही समयमा यो शहरको किल्ला तथा किल्लाका ढोकाहरू बढी मजबुत र व्यवस्थित पारिएको अनुमान गर्न सकिन्छ। किनभने उनीहरूको शासनकालको लगत्तै पछि काठमाण्डौं आउने Father Giuseppe ले कीर्तिपुरको भव्य किल्ला र ढोकाको वर्णन गरेका छन्। यसवाट साधारण मानव बस्तीमा भन्दा राजधानी शहरका बस्तीहरूमा व्यवस्थित किल्ला बन्ने गरेको तथ्य स्पष्ट हुने देखिन्छ।

**अठारौँ शताब्दीको कीर्तिपुर किल्ला :** अठारौँ शताब्दीको उत्तरार्ध, कीर्तिपुर शहरको किल्ला तथा ढोका विकासको चरम उत्कर्षको समय भएको ऐतिहासिक तथ्यहरूले पुष्टि गरेका छन्। इटलीका धर्म प्रचारक पादरी Father Giuseppe De Ravato ले सन् १७६८ मार्च १९ मा नेपालका लागि धर्म प्रचारक आयुक्तको नियुक्ति पाएका थिए र सोही प्रयोजनको लागि नेपाल भ्रमण गरेका थिए। उनले आफू नेपालमा सन् १७६९को आरम्भमा आइपुगेको बताएका छन्। उनले नेपालको भ्रमण गर्ने समयमा पृथ्वीनारायण शाहले उपत्यका आक्रमण गरिरहेका थिए। उनले यसवेला देखेको कीर्तिपुरको वर्णन एक लेख मार्फत् गरेका छन्। काठमाडौं उपत्यका भित्रका किल्लाबन्द शहरहरूको वर्णन गर्ने क्रममा मुख्य तीन शहर बाहेक त्यस वेलाका किल्लाबन्द अन्य ठूला शहरमध्ये किपोली Cipoli (कीर्तिपुरको स्थानीय नाम) पनि एक हो भन्ने उल्लेख गरेका छन् (Father,1799, p.308)। उनले (Cirtipur) कीर्तिपुर युद्धमा गोर्खालीले किल्ला कब्जा गर्न गरेको प्रयासको वर्णन गर्दै कतैबाट सहायता नपाए पछि लामो समयको प्रतिकार पछि मात्र गोर्खालीहरूले कीर्तिपुरको किल्लाहरू र सबै ढोकाहरू कब्जा गर्न सफल भएको विवरण उल्लेख गरेका छन् (Father, 1799, p.318)। उनले त्यसबेलाको कीर्तिपुर किल्ला भित्र ८००० घरहरू रहेको विवरण दिएका छन् (पृ.३०८)। यी पादरीले वर्णन गरे अनुसार त्यसवेला कीर्तिपुरमा अभेद्य किल्ला र धेरै संख्यामा मजबुत ढोकाहरू रहेको देखिन्छ।

अठारौँ शताब्दीको उत्तरार्धदेखि उन्नाइसौँ शताब्दीको आरम्भतिरको कीर्तिपुर किल्लाको वर्णन गर्ने अर्का लेखक H.Ambrose Oldfield पनि हुन्। उनले आफ्नो पुस्तक Sketches from Nipal Vol.1 मा पनि कीर्तिपुर

१. बाघभैरव मन्दिरको मूल ढाकाको दाहिने तर्फको थाममा कुँदिएको ने.सं. ८१४ को सुवर्ण अभिलेख तथा सोही मितिको सोही स्थानको देब्रे तर्फको थाममा लेखिएका दुवै अभिलेखमा तत्कालीन प्रशासक विश्वनाथ भारोलाई क्वठ नायक (किल्ला रक्षक) भनिएको छ (हेर्नुहोस्, श्रेष्ठ, वि.सं. २०५७, पृ.१२६)। यसै गरी उमामहेश्वर मन्दिर प्राङ्गणको लक्ष्मीनारायणको मूर्ति समिपको अभिलेखमा पनि कीर्तिपुरलाई क्वाठ र यहाका प्रशासकलाई क्वाठ नायक भनिएको छ (हेर्नुहोस,श्रेष्ठ, वि.सं. २०५७, पृ.१२६)।

किल्लाको वर्णन गरेका छन् । उनी नेपाल एकीकरणको केही समयपछि नेपाल आएका थिए । त्यसैले उनले कीर्तिपुर किल्लाको जीर्ण अवस्थाको वर्णन गरेका छन् । उनले एकीकरण पछि कीर्तिपुर शहर तीव्ररूपले क्षय हुदै गएको, पुराना मन्दिरहरू र सार्वजनिक भवनहरू पुनः निर्माण नगरिएको, पुराना गढ पर्खालहरू र ढोकाहरू अझै अस्तित्वमा रहेको तर ज्यादै जीर्ण अवस्थामा रहेको बताएका छन् (Oldfield,1880, p.127) । माथि उल्लेखित दुई वर्णनबाट गोर्खाली सैनिकहरूको आक्रमण हुनुपूर्व विकासको चरम उत्कर्षमा रहेको कीर्तिपुर किल्ला गोर्खाली आक्रमणबाट ध्वस्त भयो । एकीकरण पछि यस किल्लाको सामरिक महत्त्व घट्दै गएको हुँदा पछि मर्मत वा पुनः निर्माण भएन र क्रमशः हराउँदै गयो भन्ने स्पष्ट भएको छ । यस छलफलबाट के भन्न सकिन्छ भने कीर्तिपुर शहरको उत्कर्षकालमा यहाँ बलियो गढ पर्खाल र एक दर्जन ढोकाहरू बनेका थिए । तर यस शहरको राजनैतिक महत्त्व घट्दै जाँदा पर्खाल र ढोकाहरूको अस्तित्व पनि कमजोर बन्दै गयो र लोप हुँदै गए ।

**कीर्तिपुर किल्लाका ढोकाहरू :** माथि उल्लेखित विदेशी लेखकहरूको वर्णनहरूमा कीर्तिपुर किल्लाका ढोकाहरूको भौतिक संरचनाको वर्णन छैन । हालका अध्ययनबाट भने यस गढ पर्खालको भौतिक स्वरूप र ढोकाहरूको अवस्थिति तथा संख्या आकलन गरिएको छ । यो गढ पर्खाल आरम्भमा डाँडाको माथिल्लो भागको सानो घेरामा बनाइएको र जनसंख्या बढ्दै जाने क्रममा डाँडोको तल्लो घेरासम्म फैलिएको विश्वास गरिन्छ । कीर्तिपुर शहरको गढ पर्खालको पुरानै संरचना हालसम्म विद्यमान नरहे तापनि यसको मध्यकालीन संरचना यहाँका पुराना टोलहरू र कीर्तिपुर शहर परिक्रमा गर्ने सडक संरचनाका आधारमा अहिले पनि ठम्याउन सकिन्छ । किनभने धेरै जसो प्राचीन टोलहरू हाल देख्न सकिने पर्खालका अवशेषहरूको घेराभित्र नै बनेको पाइन्छ (Shokoohy, Shokoohy, & Shrestha, 2014, p.10) । कीर्तिपुर शहरका बासिन्दाहरूले विभिन्न धार्मिक तथा सांस्कृतिक अवसरमा बस्तीका सबै देवी देवताको परिक्रमा होस् भनी गर्ने देश दर्शन यही पुरानो गढ पर्खालसँग जोडिएको परिपथबाट गर्ने गर्दछन् । यही परिपथमा पर्ने प्रत्येक पुराना टोलहरूमा एक एक वटा ढोकाहरू बनाइएको स्पष्ट देखिन्छ । अधिकांश पुराना ढोकाहरूको संरचना नपाइए तापनि उक्त टोलहरूमा मध्यकालमा बनाइएका ढोकाहरूका काठका चौकोश अडाउन प्वाल खोपिएका Thresehold आधार ढङ्गो (ईलोहं) अहिलेसम्म देख्न सकिन्छ । यी ढोकाका चिन्ह, शहर धुम्ने परिपथ, टोलहरूको अवस्थिति तथा हाल पुरानै स्थानमा बनाइएका नयाँ प्रवेश द्वारहरूलाई आधार मानेर कीर्तिपुर किल्लामा मध्यकालमा ११ वटा ढोकाहरू रहेको थाहा हुन आएको छ ।

सन् 1988 मा Kirtipur पुस्तक प्रकाशित गर्ने लेखक Reinhard Herdic ले माथि उल्लेख गरिएका संकेतका आधारमा यस किल्लाका ११ वटा ढोकाहरूको उल्लेख गरेका छन् । जर्मन भाषामा प्रकाशित यस पुस्तकका कतिपय तथ्यहरू दुर्बोध्य रहे तापनि यस पुस्तकमा प्रकाशित कीर्तिपुर शहरको नक्सा र यहाँ विगतमा रहेका ढोकाहरूको विवरण अंग्रेजी भाषामा लेखिएको छ । यस पुस्तकमा उल्लेख भए अनुसार यस कीर्तिपुर किल्लाको उत्तर पश्चिम तर्फबाट घडी घुम्ने दिशातर्फ क्रमश १) देउढोका (Deu Dhoka) २) गछें ढोका (Gache Dhoka) ३) बाघ भैरव ढोका (Bagh Bhairav Dhoka) ४) चीथु ढोका (Cithu Dhoka) ५) भर्या पुखु ढोका (Bharya Pukhu Dhoka) ६) मूल ढोका (Mul Dhoka) ७) बाहिरी गाउँ ढोका (Bahirigau Dhoka) ८) नायत्वा ढोका (Nayatvah Dhoka) ९) पालीफल ढोका (Paliphal Dhoka) १०) सागल ढोका (Sagal Dhoka) र ११) समल ढोका (Samal Dhoka) रहेका थिए (Hardick, 1988, p.49)। शुक्रसागर श्रेष्ठले भने यी ढोकाहरू

१२ वटा रहेको बताएका छन् । उनले पाटन शहर जाने मार्गमा बनाइएको मूल ढोका भनिने ढोकालाई पो त्वा नाम उल्लेख गरेका छन् र समल ढोकाको दक्षिण तर्फ बनाइएको एक नयाँ प्रवेशद्वार समेतलाई समल ढोका २ नाम राखेर १२ वटा ढोकाको सूची प्रकाशित गरेका छन् (श्रेष्ठ, वि.सं. २०५७, पृ.५) । उनले उल्लेख गरेको समल दोस्रो ढोका परिसरमा पुरानो ढोकाको आधार प्रस्तर (ईलोहं) हाल नदेखिने, हाल बनेको ढोकाको चौडाई ज्यादै ठूलो देखिने तथा यस ढोकासँग कुनै सांस्कृतिक प्रचलन नजोडिएको हुँदा यो १२ औं ढोकाको अस्तित्व केही शंकास्पद देखिन्छ । अन्य ११ ढोकाहरूमा भने पुराना ढोकामा प्रयोग भएका प्रस्तर आधार (इलोहं) हरू रहेको र हाल नयाँ ढोकाहरू पनि पुरानै स्थानमा बनाइएको देखिन्छ । यस आधारमा कीर्तिपुरमा मध्यकालमा ११ वटा ढोकाहरू रहेका थिए भन्ने तथ्य स्पष्ट हुन आएको छ । हाल यी ११ ढोकाहरूमध्ये देव ढोका मात्र पुरानै स्वरूपमा विद्यमान रहेको छ । त्यसैले यी ढोकाहरूको भौतिक संरचनाको यो एक मात्र साक्षी हो । यस ढोकाको समिपमा रहेको एक अभिलेखमा ने.सं.७९१ उल्लेख भएको हुँदा यस ढोकाको पछिल्लो मर्मत (सन् १६७०) सोही समय आसपासमा भएको देखिन्छ (श्रेष्ठ र शर्मा, ने.सं.११३९, पृ.११) । यो बाहेक अन्य ढोकाहरू नयाँ संरचनामा निर्माण भएका छन् ।

## कीर्तिपुर किल्लाका ढोकाहरू सम्बद्ध सांस्कृतिक पक्षहरू

माथि उल्लेख गरिएका तथ्यहरूबाट कीर्तिपुर शहर भित्रका बासिन्दाहरूले थोरैमा पनि ५०० वर्षसम्म किल्ला बन्द शहरमा जीवन यापन गरेको देखिन्छ । यति लामो किल्ला भित्रको बसोबासबाट यहाँको गढ पर्खाल तथा पर्खालका ढोकाहरूसँग मानिसका आस्था, विश्वास र परम्पराहरू जस्ता संस्कृति जोडिदै गए । यही अभ्यासलाई यहाँ ढोका संस्कृति भनिएको हो । यस अध्ययनको क्रममा यस्ता ढोका संस्कृतिका विविध पक्षहरू प्रकाशमा आएका छन् । यी कुराहरूलाई अध्ययनको प्राप्तिकै रूपमा निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ ।

**अनिष्ठकारी शक्ति र अशुद्ध वस्तु विसर्जनको अन्तिम सीमाको रूपमा ढोका :** कीर्तिपुर किल्ला भित्रका बासिन्दाहरूका लागि किल्लाको ढोका उनीहरूको बस्तीको सुरक्षा र शुद्धताको सीमाद्वार हो । ढोकाको सिमाना भित्र अशुभ वा अशुद्ध वस्तु विसर्जन गर्नु हुदैन र यस्तो किल्ला भित्र देवी देवताहरूको मात्र बास हुने गर्दछ भन्ने उनीहरूको विश्वास रहेको पाइएको छ । यस बाहेक किल्लाको ढोकाभित्र अनिष्ठकारी शक्तिलाई राख्नु पनि हुदैन भन्ने उनीहरूको विश्वास रहेको छ । यसैले ढोका खराब आत्मा र अशुद्ध वस्तु निस्कासनको अन्तिम विन्दु हो । यस कुराको केही तथ्यहरू अध्ययनबाट प्रकाशमा आएका छन् । नेवार समुदायले श्रावण कृष्ण चतुर्दशीका दिन गठेमंगल चाड मनाउने गर्दछन् । यो चाडको अर्को नाम घण्टाकर्ण पनि हो । यो चाड राक्षसको पुतला दहन गरेर नेवार समुदायले मनाउने गर्दछन् । चाडको अवसरमा कानमा घण्ट झुण्डाएर हिड्ने र शहरका मानिसहरूलाई हत्या गर्ने, अपहरण गर्ने र दुख दिने घण्टाकर्ण राक्षसको पुतला बनाई साँझपख यो पुतला दहन गर्ने प्रचलन रहेको छ । कतिपय नेवार बस्तीहरूमा राक्षसको जलाइएको पुतला नदीमा लगेर विसर्जन गर्ने परम्परा रहेको हुन्छ (वज्राचार्य, वि.सं. २०४३, पृ.२३) । कीर्तिपुरमा भने यस्ता राक्षसको पुतला बस्तीको सीमा समाप्त हुने ढोका बाहिर केहि टाढा लगेर जलाउने परम्परा रहेको तथ्य यस अध्ययनको क्रममा प्रकाशमा आएको छ । कीर्तिपुर बस्तीका बासिन्दाहरूलाई दुख दिने राक्षसलाई विसर्जन गर्ने अन्तिम सीमा बस्ती छेउका यी ढोकाहरू हुने गर्दछन् ।

मानिसको मुत्यु हुनु अघि त्यस्ता मानिसले उपयोग गरेका र मृत्यु सँगै अशुद्ध हुन पुगेका वस्त्र एवं उपभोग्य भौतिक वस्तुहरू पनि घरबाट विसर्जन गर्ने परम्परा यहाँ रहेको छ । यी अशुद्ध वस्तु विसर्जन गर्ने सीमा विन्दु पनि किल्लाका ढोकाहरू नै हुन् । हरेक पुराना टोलहरूमा रहेका माथि उल्लेखित ११ ढोकाहरू बाहिर हालसम्म पनि मृतकले प्रयोग गरेका वस्त्र र व्यक्तिगत उपभोगका वस्तुहरू विसर्जन गर्ने परम्परा रहेको छ । त्यसैले किल्लाका ढोकाहरू अशुद्ध वस्तु र खराब आत्मा निस्कासन गर्ने अन्तिम विन्दुको रूपमा स्थापित भएका छन् । यस्ता वस्तुहरूको विसर्जन विन्दुकै आधारमा यस प्राचीन किल्लाहरूको अवस्थिति पहिचान गर्न सकिन्छ ।

**मृतकलाई विदाई गर्ने लौकिक जीवनको अन्तिम द्वारको रूपमा ढोका :** कीर्तिपुरका ढोकाहरूमध्ये कतिपय ढोका बस्तीबाट समाजको सदस्यलाई सधैंका लागि विदा गर्ने सीमा विन्दुको रूपमा पनि प्रयोग हुने गरेको पाइएको छ । किल्ला भित्रका मानिसहरूको मृत्यु भएपछि शहरको एक मात्र ढोकाबाट मृतकको लास निकाल्ने गरिन्छ । कीर्तिपुर शहरको जुन सुकै टोलको मानिसको मृत्युहुँदा पनि शहरको पश्चिमतर्फ रहेको समल ढोकाबाट मात्र मृतकको लास निकाल्ने गरिन्छ । बस्तीको यो एक मात्र त्यस्तो ढोका हो जहाँबाट यस शहर भित्र मर्ने हरेक मृतकलाई बस्तीबाट विदा गरिन्छ । यो प्रचलन हालसम्म पनि यथावत रहेको छ । हाल बस्तीको विस्तार सँगै कतिपय नेवारहरूका घरहरू ढोका बाहिर पनि बनेका छन् । लामो समयको सांस्कृतिक अभ्यासमा अभ्यस्त भएका बस्ती बाहिरका नेवारहरूले समेत मृतकलाई शहरभित्र प्रवेश गराई यही ढोकाबाट स्मसानमा लग्ने गर्दछन् । यसो गर्दा मृतआत्माको उद्धार हुने ठानेर बाहिरबाट ढोकाभित्र प्रवेश गराई यही ढोकाबाट पुनः बाहिर लग्ने गरेको तथ्य समेत थाह हुन आएको छ । यसबाट यस शहरका बासिन्दाहरूका लागि किल्लाको ढोका मृतक आफन्तलाई परलोक यात्राको लागि विदा गर्ने अन्तिम उत्तम द्वारको रूपमा स्थापित भएको पाइएको छ । यो अनुपम संस्कृति यहाँको ढोका संस्कृतिको उत्कृष्ट उदाहरणको रूपमा रहेको छ ।

**मृत आत्मालाई आमन्त्रण गर्न सकिने अन्तिम विन्दुको रूपमा ढोका :** मानिसको मृत्यु पछि विधिपूर्वक मृतकलाई पितृ लोकमा नपठाउँदासम्म मानिसको आत्मा प्रेतको रूपमा रहन्छ भन्ने हिन्दू विश्वास रहिआएको छ । यस्तो प्रेत आत्मालाई पितृ आत्मामा रूपान्तरण गर्ने अनेकौ विधिहरू हिन्दू अन्त्यष्टि पद्धतिका मूलभूत विधि विधानहरू हुन् । नेवार समुदायमा पनि मृत आत्मालाई निश्चित विधि विधान सम्पन्न गरी पितृ लोकमा पठाउने परम्परा रहेको छ । पितृलोकमा प्रवेश गर्नु पूर्व मृतकलाई खाना, पानी आदिको आवश्यकता पर्दछ भनी मृतकको नाममा खाना पानी अर्पण गर्ने परम्परा रहेको छ । यस क्रममा मृतकको आत्मा बस्तीको ढोकाभित्र प्रवेश गरेमा त्यस्तो आत्माबाट परिवार र समाजलाई अनिष्ठ हुन सक्छ भन्ने विश्वासले गर्दा मृतकलाई पितृलोक प्रवेश नगर्दासम्म दिइने खाना तथा पानीहरू बस्तीका यस्ता ढोका बाहिर अर्पण गर्ने सांस्कृतिक अभ्यास विकसित भएको देखिन्छ । यसरी मृतआत्मालाई खाना पानी आदि अर्पण गर्ने प्रयोजनका लागि आमन्त्रण गर्न सकिने अन्तिम सीमा विन्दु पनि किल्लाका ढोकाहरूलाई नै मानिन्छ । यस अध्ययनबाट कीर्तिपुर किल्लाका ढोकासँग जोडिएको यस्तो विशेष सांस्कृतिक अभ्यास प्रकाशमा आएको छ ।

**बस्तीका रक्षक देव देवीलाई बस्ती भित्र प्रवेश गराउने शुभ र मंगलद्वारको रूपमा ढोका :** कीर्तिपुर किल्लाको रक्षक मुख्य देवी इन्द्रायणी हुन् भन्ने विश्वास रही आएको छ । कीर्तिपुर किल्लाका ढोकाभित्रका बासिन्दाहरूको रक्षा गर्ने कार्य यी इन्द्रायणी देवी मार्फत् हुदै आएको विश्वास गरिन्छ । इन्द्रायणी देवीको मुख्य देवगृह (देव छें) बाघ भैरव परिसरमा रहेको छ । ढोका भित्रका बासिन्दाको सुरक्षा गर्ने क्रममा हरेक वर्ष उनको

शक्ति क्षीण हुँदै जाने हुँदा उनलाई हरेक वर्ष किल्ला बाहिरको स्मसान क्षेत्रमा रहेको उनैको पीठमा लगी स्मसानका भैरवको उर्जा तान्त्रिक विधिद्वारा पुनःसंचार गराई, उर्जा युक्त इन्द्रायणी देवीलाई विशेष जात्राका साथ पुन बाघ भैरव परिसरमा ल्याइने परम्परा छ । यसलाई कीर्तिपुरको इन्द्रायणीको जात्रा भनिन्छ । यसै अवसरमा कीर्तिपुर क्षेत्रका सातगाँउका आ-आफ्ना बस्तीका रक्षक देवीहरू (इन्द्रायणी, बालकुमारी, विष्णुदेवी) को यही प्रकृतिको खटयात्रा गराइने भएको हुँदा यसलाई सात गाउँले जात्रा पनि भनिन्छ । सत्रौं शताब्दीदेखि प्रचलनमा आएको देखिने यो जात्रा मंसिर शुक्ल अष्टमीबाट आरम्भ हुने र तीन दिनसम्म मनाइन्छ । जात्रा आरम्भको दिनका बारेमा कुनै द्विविधा भए कीर्तिपुरका थकालीले यसको दिन निश्चय गर्ने प्रचलन रहेको छ (Shrestha, 1994, p.30)।

इन्द्रायणी जात्राको अवसरमा देवीलाई केही दिन पहिले कीर्तिपुर शहरको पश्चिमतर्फको देव ढोकाबाट उनको शक्ति पीठमा पुऱ्याइन्छ । उनलाई उक्त पीठमा तान्त्रिक पूजा विधिबाट पुन उर्जायुक्त शक्तिशाली तुल्याएपछि जात्राको मुख्य दिनमा यही ढोकाबाट मात्र किल्लाभित्र प्रवेश गराउनुपर्ने सांस्कृतिक मान्यता रहेको छ । यो ढोका देवता प्रवेश गराउने ढोका भन्ने अर्थमा हालसम्म पनि देवढोका भनिदै आएको छ ।

यस बाहेक यो देव ढोकासँग अर्को एक सांस्कृतिक पक्ष पनि जोडिएको पाइएको छ । कीर्तिपुर क्षेत्रमा नाचिने गथु प्याखं नाच हरेक १२ वर्षमा नाच्दै आएको पाइन्छ । यो नाचको अवसरमा भैरव, महादेव, गंगा, वैष्णवी, ब्रम्हायणी, इन्द्रायणी, कौमारी, कालिका, वाराही, सिंहिनी र व्यघ्रिनी जस्ता १२ वटा देव देवीको मुकुण्डो धारण गरी वर्ष भरी विभिन्न ठाउँहरूमा नाचिन्छ (श्रेष्ठ, वि.सं. २०५७, पृ.८३) । इन्द्रायणी मन्दिर परिसरमा सुरु भएर वर्षदिन पछि सोही ठाउँमा अन्त्य हुने यो नाचको अवसरमा यी देव देवीहरूको तीन पटक मृत्यु हुन्छ । त्यसपछि गणेशले छोएर ब्यूताइन्छ र पुनः नाच सुरु गरिन्छ । अन्तिम पटकको इन्द्रायणी मन्दिर परिसरमा हुने मृत्युमा भने नर्तकहरूले देव देवीको साँच्चिकै मृत्यु भएको अनुभूति गर्दै हातमा देव देवीको लास स्वरूप मुकुण्डो लिएर रुदै यही देव ढोकाबाट निस्कन्छन् । दर्शकहरू पनि यस शवयात्राका मलामीको रूपमा यही ढोकाबाट बाहिरिन्छन् र विधिपूर्वक देव देवीहरूको अन्त्येष्टि गर्दछन् । यस अवसरमा देवताको लास स्वरूपका मुकुण्डोहरू अन्य ढोकाबाट नभै यही देव ढोकाबाट मात्र स्मसानतर्फ लैजानु पर्ने संस्कृति कीर्तिपुरमा विकसित भएको छ । बस्तीबाट मानिसको शव निकाल्न र देवताका शव निकाल्न फरक ढोका प्रयोग गर्ने सांस्कृतिक अभ्यास यस शहरमा विकसित ढोका संस्कृतिको अर्को विशेष पक्ष हो ।

**राजाको तरबार भित्राउने राजकीयद्वारको रूपमा ढोका :** कीर्तिपुरको इन्द्रायणी जात्राको अवसरमा सुरु सुरुमा राजाको सहभागिता हुने परम्परा रहेको थियो । यो अवस्था हाल विद्यमान नरहेको हुँदा अहिले यस जात्राको अवसरमा राजाको प्रतिक स्वरूप एक तरबार हनुमान ढोका दरबारबाट कीर्तिपुर भित्राइन्छ र जात्रामा तरवारलाई राजाको प्रतिनिधिको रूपमा सहभागी गराइन्छ । यो राजाको प्रतिनिधित्व गर्ने तरवार अन्य ढोकाबाट नभै यस किल्ला अन्तर्गतको चीथू ढोकाबाट मात्र शहर भित्राउने गरिन्छ (श्रेष्ठ, वि.सं. २०५७, पृ.८३) । यो परम्परा यस शहरमा संस्कृतिकै अंगको रूपमा विकसित भएको छ । यसरी एक विशेष ढोकबाट मात्र इन्द्रायणी जात्रामा सरिक गराइने तरवार भित्राउने सांस्कृतिक अभ्यास पनि यहाँको ढोका संस्कृतिको विशेष उल्लेखनीय पक्ष रहेको छ ।

**सांस्कृतिक जात्राहरू र देव नृत्यहरू शहरमा प्रवेश गराउने मंगलद्वारको रूपमा ढोका :** कीर्तिपुर बाहिरका शहरका कतिपय जात्राहरू कीर्तिपुर शहरभित्र पनि प्रवेश गराइन्छ । यस्ता जात्राहरूमा परिक्रमा गराइने देव देवीका खटहरू यस किल्ला भित्रका निश्चित ढोकाहरूबाट मात्र कीर्तिपुरमा भित्र्याउने परम्परा मध्यकालदेखि हालसम्म संस्कृतिकै रूपमा प्रचलनमा रहेको पाइएको छ । हरेक १२ वर्षमा काठमाण्डौंमा मनाइने नरदेवीको नाच कीर्तिपुरमा पनि ल्याइन्छ । शहरभित्र नरदेवीको नाच प्रवेश गराउदा सधै चीथु ढोकाबाट मात्र प्रवेश गराउने सांस्कृतिक अभ्यास रहेको छ । यसै गरी पाटनका रातो मछिन्द्रनाथ र कीर्तिपुरकी युवती बीच प्रेम भएको लोक विश्वासका आधारमा हालसम्म पनि मछिन्द्रनाथका मूल पूजारी कीर्तिपुरकी अविवाहित युवतिलाई फूल प्रसाद दिन आउने प्रचलन रहेको छ । यस क्रममा यी पूजारी पनि चिथुढोकाबाट नै कीर्तिपुर प्रवेश गर्ने प्रचलन रहेको थियो । आधुनिक सडक निर्माण पछि यो परम्परामा लचिलोपन आएको छ । यसैगरी पाटनको हरिसिद्धि जात्रालाई कीर्तिपुर प्रवेश गराउदा अन्य ढोकाबाट नभै भरियां पुखू ढोकाबाट मात्र प्रवेश गराउने सांस्कृतिक प्रचलन रहेको छ । यसरी निश्चित ढोकाहरू मात्र देवदेवीका जात्रा प्रवेश गराउने मंगलद्वार हुन् भन्ने सांस्कृतिक प्रचलन पनि ढोका संस्कृतिको अर्को उल्लेखनीय पक्ष हो ।

**भित्र बस्ने र बाहिर बस्ने समुदाय बीचको सीमा विन्दुको रूपमा ढोका :** भारतीय उपमहाद्वीप भित्रका शहर, नेपालका अधिकांश शहर र काठमाडौँ उपत्यका भित्रका शहरहरूको बनावट कठोर जातीय व्यवस्थामा आधारित हुने र शहरी संरचनाको विभाजन पनि जातीय स्तरको आधारमा हुने गर्दछ (Shokoohy, 1994, p.36) । यो प्रभाव कीर्तिपुरको शहरी संरचनाको निर्माणमा पनि देखिएको छ । कीर्तिपुर किल्ला परिसरमा बसोबास गर्ने विभिन्न स्तरका जातीय समूह मध्ये तल्लो भनिएको जात बसोबास गर्ने र उपल्लो भनिएको जात बसोबास गर्ने सीमानाको रूपमा समेत ढोकाहरूलाई उपयोग गरिएको देखिन्छ । यस शहरको मूल ढोका भनिने पूर्वतर्फको पुरानो ढोका बाहिर मात्र सफाइकर्मी समुदायको बसोबास रहेको छ । उनीहरू शहरको ढोकाभित्र बस्न पाउँदैनथे । Oldfield ले समेत काठमाडौँ शहरको यो प्रचलनको उल्लेख गरेका छन् । उनले आफ्नो पुस्तकमा "शहरको किल्ला र ढोकाभित्र बस्ने अनुमति उच्च जातलाई मात्र छ । मुसलमानलाई भने यो नियम लागू हुँदैन । मुसलमानहरू शहरको भित्र पनि बसोबास गरेका छन् । हिन्दु तल्लो जात पोडे, च्यामे आदिलाई भने ढोकाभित्र बस्न नपाउने कडा नियम रहेको छ । उनीहरू ढोका बाहिर बसोबास गर्दछन्" भन्ने विवरण आफ्नो पुस्तकमा उल्लेख गरेका छन् (1880, p.95) । किल्लाका ढोकाहरूले ढोकांपिने (Outside the gate) र ढोकांदुने (Insite the Gate) हरूको बसोबास क्षेत्रको सीमाको काम गर्ने कुरा यस प्रसंगम Mary Shepherd Slusser को पुस्तकमा पनि उल्लेख गरिएको छ (Slusser, 1982, p.93) । काठमाडौँ शहरको प्रत्यक्ष प्रभाव यहाँ पनि देखिएको छ । कीर्तिपुरको पुरानो किल्ला र मूल ढोका सफाइकर्मी समुदायहरूको बसोबास स्थल निर्धारण गर्ने सीमाको रूपमा देखिएको छ । यो पनि ढोका संस्कृतिको उल्लेखनीय उदाहरण हो ।

## छलफल तथा निष्कर्ष

यस अध्ययनबाट कीर्तिपुर किल्लाका ढोका सम्बन्धमा प्राप्त हुन आएका विभिन्न तथ्य वा प्राप्तिहरूले यस संस्कृतिको विषयमा निकै महत्त्वपूर्ण सत्यतर्फ संकेत गरेका छन् । ढोका तथा पर्खालको उत्पत्ति राजनैतिक वा सामरिक सुरक्षाका लागि भएको हो । लामो समयसम्म किल्ला र ढोकाहरू भित्र बसोबास गर्ने क्रममा कीर्तिपुर शहरका किल्ला र ढोकाहरू सामरिक महत्त्वका वस्तु मात्र रहेनन् । यी संरचना शहरबासीका विभिन्न

संस्कृतिसँग आवद्ध हुन पुगे । सामरिक महत्त्व बाहेक ढोकासँग जोडिएका केही सांस्कृतिक सत्य यस अध्ययनबाट प्रकाशमा आएको छ । माथि उल्लेखित प्राप्तिहरूले संकेत गरेका नविन सत्यलाई यस छलफल तथा निष्कर्ष खण्डमा ठोस रूपमा औल्याउने प्रयास गरिएको छ । यी अध्ययनका नविन सत्यलाई निम्न बुँदाहरूमा चर्चा गर्न सकिन्छ ।

**सामाजिक स्तर निर्धारक तत्त्वको रूपमा ढोका संस्कृति** : कीर्तिपुर किल्लाका ढोकाहरू त्यस समयको सामाजिक स्तर निर्धारण गर्ने एक आधारको रूपमा रहेका थिए । त्यसवेला किल्लाको मध्यभागमा राजाको दरबार रहन्थ्यो । दरबार आसपासमा भारदारहरू बसोबास गर्दथे । किल्लाको भित्री भागमा तर समग्र शहरको बाहिरी घेरामा किसानहरूको बसोबास हुने गर्दथ्यो । तल्लो सामाजिक स्तर भएका समुदायहरू ढोकाभित्र बस्न पाउँदैनथे । ढोकाभित्र बस्न पाउनु एक सामाजिक गौरवको विषय थियो । मध्यकालमा नेपाल आएका क्रिश्चियन पादरी फादर गुसेफलाई पाटन शहरको किल्ला बाहिर पर्ने मच्छिन्द्रनाथ मन्दिर परिसरमा बसाइएको कुरा उनकै आलेखमा उल्लेख छ । यस तथ्यले पनि त्यसबेला शहरको ढोका भित्र शुद्ध भनिएको जात मात्र बसोबास गर्न योग्य मानिने कुराको संकेत गर्दछ । गैर हिन्दू समुदायलाई पनि म्लेच्छ जातको रूपमा तल्लो सामाजिक स्तरको रूपमा व्यवहार गर्ने हिन्दू परम्परा थियो । सफाइको काम गर्ने पोडे च्यामे जस्ता समुदायलाई कीर्तिपुर किल्लाको सबैभन्दा तल्लो क्षेत्रमा रहेको मूल ढोका बाहिर बसोबास गराइएको थियो । अहिले पनि उक्त समुदायको बसोबास प्राचीन ढोका रहेको क्षेत्र बाहिर केन्द्रित रहेको तथ्यले यसै सांस्कृतिक परम्परालाई पुष्टि गरेको छ ।

**दैवीय सुरक्षा सीमाको रूपमा ढोका संस्कृति :** कीर्तिपुर किल्लाका ढोकाहरू त्यसवेला शहरको सुरक्षामा रहेका देवी देवताको कार्य क्षेत्र निर्धारण गर्ने सीमा विन्दुको रूपमा रहेका थिए । बस्तीका ढोकाहरू भित्र बसोबास गर्नेहरूले आफूहरू इन्द्रायणी देवीको रक्षा घेराभित्र रहेको विश्वास गर्दथे । ढोका बाहिर घर बनाई (*ढोकांपिने* बन्नु) सामजिक स्तरका हिसाबले च्यूत हुनु मात्र नभै देवी देवताको सुरक्षा घेरा बाहिर पर्नु पनि हो भन्ने मनोविज्ञान यस किल्ला भित्रका बासिन्दाहरूमा विकसित भएको पाइएको छ । कीर्तिपुर शहरको सुरक्षा गर्ने देवीको रूपमा इन्द्रायणीलाई शहरको मध्यभागमा स्थापित गरिनु, हरेक वर्ष देवीलाई पीठमा लगेर पुनः उर्जावान वा शक्तिशाली बनाइनु र उनलाई पुनः शहरकै मध्यभागमा जात्राका साथमा स्थापित गरिनु यही मनोविज्ञानबाट विकसित सांस्कृतिक अभ्यास हुन् । मृतआत्मालाई ढोका बाहिरै खाने कुरा दिनु, खराब आत्माको पुलता दहन ढोका बाहिर गरिनु, मृतकका उपभोग्य बस्तु ढोका बाहिर विसर्जन गर्नु जस्ता अभ्यासले पनि ढोकाभित्र देव देवीको प्रभुत्व रहने र ढोका बाहिर जुनसुकै खराब आत्मा वा मृत आत्मा विचरण गर्न सक्ने भन्ने विश्वासको प्रतिफल हो । त्यसैले ढोकाहरू सामरिक सुरक्षा बाहेक दैवीय रक्षाका प्रतिकात्मक द्वार पनि हुन् भन्ने सांस्कृतिक विश्वास ढोका संस्कृतिको अर्को महत्त्वपूर्ण पक्ष रहेको छ ।

**विविध आयाम र उपयोगिता समेटिएको ढोका संस्कृति** : यस अध्ययनबाट यहाँका बासिन्दाहरूमा मानव उपयोगका ढोका र दैवीय उपयोगका ढोकाहरू फरक फरक हुनु पर्दछ भन्ने सांस्कृतिक मनोविज्ञान विकसित भएको नविन सत्य उद्घाटित भएको छ । देव ढोकाबाट देवताको जात्रा गराइनु, यसै ढोकाबाट देवताको मृत्यु भएको विश्वासको साथमा शव यात्रा गराइनु, निश्चित ढोकाबाट मात्र जात्राका अवसरमा देव देवीका रथहरू र राज खड्ग शहरमा भित्राइनु जस्ता सांस्कृतिक अभ्यास देवताका लागि अलग ढोका छुट्टाउनु पर्दछ भन्ने

मनोविज्ञानको उपज हो। मृतक मानिसका लासहरू तोकिएको एउटा मात्र ढोकाबाट बाहिर लैजानुपर्ने अवधारणा किल्लाका ढोकासँग फरकफरक सामजिक उपयोगिता जोडिएको हुन्छ भन्ने विशिष्ट सांस्कृतिक मान्यता हो।

**मानिसलाई किल्ला भित्र आबद्ध गराइ राख्ने मुख्य आधारको रूपमा ढोका संस्कृति :** कीर्तिपुर किल्लाका ढोकाहरू त्यहाँका बासिन्दाहरूलाई बस्तीबाट बाहिर बसाईसराई गर्नबाट रोक्ने मुख्य कडिको रूपमा रहेको तथ्य पनि यो अध्ययनले प्रकाशमा ल्याएको छ। यहाँका नेवारहरू साँघुरो क्षेत्रमा भए पनि ढोका भित्रै बसोबास गर्ने तर ढोका बाहिरका खुला क्षेत्रमा बसोबास गर्न तयार नहुने मुख्य कारक पनि यहाँका ढोकाहरू नै हुन्। सामरिक रूपले सुरक्षित रहेको, देवी देवताबाट सुरक्षा प्रदान गरिने, खराब आत्मा प्रवेश गर्न नसक्ने, अशुद्ध भनिएको जातीय समुदायबाट अलग गराउने र उनीहरूको सेवा सहजै पाइने उत्तम बसोबास ढोका भित्र मात्र हुन सक्छ भन्ने मनोविज्ञान यहाँको ढोका संस्कृतिले विकसित गरेको छ। त्यसैले विगतमा नेवारहरू किल्लाका ढोकाबाहिर बसोबास गर्न इच्छुक हुदैनथे भन्ने तथ्य पनि यस अध्ययनबाट प्रकाशमा आएको छ।

अन्त्यमा अध्ययनको निष्कर्ष प्रस्तुत गर्नुपर्दा सामरिक महत्त्व र सांस्कृतिक अनिवार्यताका आधारमा सन् १२४२ मै कीर्तिपुरलाई एक किल्लाबन्द सहरको रुपमा विकसित गरिएको थियो। सन् १३७० देखि किल्ला नायकहरू नियुक्त हुदै गएको आधारमा पछिसम्म पनि यो निरन्तर किल्लाकै रूपमा विकसित हुँदै गएको थियो। कीर्तिपुर राजधानीमा परिणत भएपछि अर्थात् अठारौं शताब्दी यो किल्लाको विकासको चरम उत्कर्ष काल थियो। त्यसवेला यहाँ कम्तीमा ११ वटा ढोकाहरू रहेका थिए। यी ढोकासँग खराब आत्माको पुतला र मृतकले मृत्यु अघि उपयोग गरेका र मृत्यु पछि अशुद्ध हुन पुगेका वस्तुहरू ढोका बाहिर मात्र विसर्जन गर्नु पर्ने, मृतकको लास समल ढोकाबाट मात्र बाहिर लैजानु पर्ने, इन्द्रायणी देवीको खट देवढोकाबाट मात्र भित्राउनु पर्ने, जात्रा र देव नृत्य तोकिएका ढोकाहरूबाट मात्र शहरमा भित्राउनु पर्ने, मृत आत्मालाई ढोका बाहिर मात्र खाना अर्पण गनुपर्ने र सफाई कर्मी समुदाय ढोका बाहिर मात्र बसोबास गर्नुपर्ने सांस्कृतिक अभ्यासहरू जोडिदै गएर ढोका संस्कृतिकै रूपमा यहाँ विकसित हुन पुगेका थिए। सामरिक महत्त्व घट्दै गए पनि यी किल्ला र ढोकाको सांस्कृतिक महत्त्व पनि विकास भएको हुँदा हालसम्म पनि यी संरचनाको भौतिक अस्तित्व संकटमा परे तापनि सांस्कृतिक अस्तित्व विद्यमान नै रहेको छ। यसरी हेर्दा सुरक्षा र सांस्कृतिक कारणले किल्ला र ढोका संस्कृतिको जन्म हुन्छ। बस्तीको राजनैतिक महत्त्व बढ्दा किल्ला र ढोका संस्कृतिको विकास हुन्छ। सामरिक महत्त्व घट्दा किल्ला र ढोकाको भौतिक अस्तित्व संकटमा पर्दछ तर यससँग जोडिने किल्ला भित्रको समाजलाई बाँध्ने समाजिक आवद्धता, ढोकाहरूको वहुआयामिक उपयोगिता, गढपर्खाल भित्र हुने दैवीय सुरक्षा र गढ पर्खाल भित्र र बाहिरको सामाजिक स्तर जस्ता सांस्कृतिक मुल्य मान्यताले यस्तो ढोका संस्कृतिलाई बचाई राख्दछ।

**कृतज्ञताज्ञापन :** अध्ययनको क्रममा महत्त्वपूर्ण सूचना प्रदान गरेर, जानकार व्यक्तिहरूसँग सम्बन्ध स्थापित गराई अन्तर्वार्ताको सहज वातावरण बनाइदिएर तथा महत्त्वपूर्ण अध्ययन सामग्री उपलब्ध गराइ दिएर सहयोग गरेकोमा कीर्तिपुर निवासी भरत महर्जन प्रति विशेष कृतज्ञता ज्ञापन गर्दछु।

## सन्दर्भ सामग्रीसूची


Bajracharya, D. & Mall, K.P. (1985). *Gopalaraj Bansavali*. Kathmandu: Nepal Research Centre.

Fathar, G. (1799). Acount of the Kingdom of Nepal. *Asiatic Research.*Vol.2 pp.307-322. Retrived form https://www.biodiversitylibrary.org/item/93171#page/328/mode/2up

Herdick, R. (1988). *Kirtipur: Stadtgestalt, Prinzipien der Raumordnung und gesellschaftliche Funktionen einer Newar-Stadt*. Weltforum-Verlag.

Kaur, M.P. (2018). *The fort of Indian Panjab*. Unpublished PhD dissertation submitted in the department of art history, Panjab university. Retrieved form http://hdl.handle.net/10603/224701

Kirkpatric, C. (1811). *An Account of the kingdom of Nepaul*. London: W. Bulmeb and co. Clevel ND-Bow, st. Jamell'b

Korn, W. (1976). *The traditional architecture of the kathmandu valley*. Kathmandu: Ratnapustak Bhandar.

Oldfield, H.A. (1880). *Sketches form Nipal*. London: W.H. Allen and Co.

Sharma, D.R & Shrestha, T.B. (2016). *Sankhu: Historical and cultural heritage*. Kathmandu: Center for Nepal and Asian studies.T.U.

Shokoohy, M. (1994). Urban fabric. N.H. (Eds.). *Kirtipur: An urban community in Nepal - Its people, town planning , architecture and arts*. London: Araxus Books.

Shokoohy, M., Shokoohy, N.H. & Shrestha, S.S. (2014). *Street shrines of Kirtipur, Nepal : As long as the sun and moon endure*. London: Araxus books

Shrestha, B. G. (2012). *The sacred town of Sankhu: The anthropology of Newar ritual, religion and society in Nepal*, Cambridge Scholars Publisher, 2012. ProQuest Ebook Central, https://ebookcentral.proquest.com/lib/tribhuvannp/detail.action?docID=1165750.

Shrestha, S.S. (1994). Social life and festivals. In Shokoohy, M. & Shokoohy, N.H. (Eds.). *Kirtipur: An urban community in Nepal - Its people, town planning, architecture and arts*. London: Araxus Books.

Sing, K. (2013). *A Study of the fort of Bundelkhand rigion.* Unpublished PhD dissertation submitted to the department of Indian history, University of Madras, Chennai India . Retrived form http://hdl.handle.net/10603/198587.

Slusser, M.S. (1982) *Nepal Mandala: A cultural study of Kathmandu valley*. New Jersey: Princeton university press.

आचार्य, महेश कुमार (2021). कीर्तिपुर क्षेत्रका लिच्छविकालीन मानव बस्तीहरू. *Nepalese Culture: A peer review journals* vol XIV pp.51-66. DOI: https://doi.org/10.3126/nc.v14i0.35425.

गैरोला, वाचस्पति (अनु.) (१९९१). *कौटिलीय अर्थशास्त्रम् चतुर्थ संस्करण.* वाराणसी : चौखम्बा विद्याभवन ।

भट्ट, रामेश्वर (अनु.). (१९९०). *मनुस्मृति.* दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

वज्राचार्य, धनवज्र (वि.सं.२०५३). *लिच्छविकालका अभिलेख (दोस्रो संस्करण).* काठमाडौं : नेपाल तथा एशियाली अुनसन्धान केन्द्र ।


वज्राचार्य, पुण्यरत्न (वि.सं.२०४३). *हाम्रा चाडपर्वहरू (पाँचौ संस्करण).* काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, कुनु (ने.सं. ७७२). *कीर्तिपताका हस्तलिखित ग्रन्थ.* अनुवादक : योगी. नरहरिनाथ. (वि.सं. २०१८) *कुनु शर्माको कीर्तिपताका.* काठमाडौं : जगदम्बा प्रकाशन ।

शर्मा, डिल्लीराज (वि.सं. २०५५). *नेपालको किल्ला वास्तुकला.* काठमाडौं : नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

श्रेष्ठ, टेकबहादुर र शर्मा, डिल्लीराज (ने.सं.११३९). *किपू नगरपालिकाय ऐतिहासिक व सांस्कृतिक सम्पदा (कीर्तिपुर नगरपालिकाका ऐतिहासिक र सांस्कृतिक सम्पदा).* कीर्तिपुर : नेपाल भाषा एकेडेमी ।

श्रेष्ठ, शुक्रसागर (वि.सं.२०५७). *कीर्तिपुरको सांस्कृतिक र पुरातात्त्विक इतिहास.* कीर्तिपुर काठमाण्डौं : नेपाल तथा एशियाली अनुसन्धान केन्द्र त्रि.वि. ।




**चित्र नम्बर १ :** कीर्तिपुरका मध्यकालीन ढोकाहरूको अवस्थिती देखाउने रेखा चित्र । चित्र सौजन्य Herdick, R. (1988)।



**चित्र नम्बर २ :** कीर्तिपुर सहरको किल्लाहरूमा रहेका मध्यकालिन ढोकाहरू मध्ये हालसम्म अस्तित्वमा रहेको देवढोका ।